*मिति २०७६/१०/१८ गतेको माननिय मन्त्रीस्तरिय निर्णय अनुसार स्विकृत*

# संयुक्त राज्य अमेरिका (USA) लगायतका विकसित मुलुकहरूमा फेलोसिपमा अध्ययन गर्न जाने नेपाली चिकित्सक/स्वास्थ्यकर्मीहरूको लागि आवश्यकताको पत्र (Statement of Need) जारी गर्ने सम्बन्धमा बनेको

## स्तरीय कार्य संचालन कार्यविधि (Standard Operating Procedure)-२०७६

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं
२०७६

## संयुक्त राज्य अमेरिका लगायत अन्य बिकसित देशहरुमा अध्ययन/तालिमका लागि जाने नेपाली चिकित्सक/स्वास्थ्यकर्मीहरुलाई आवश्यकताको पत्र(Statement of Needs) जारी गर्ने सम्बन्धमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलेतयार पारेको स्तरीय कार्य संचालन कार्यविधि(Standard Operating Procedure)-२०७६

१. चिकित्सक वा स्वास्थ्यकर्मी को रुपमा नेपालभित्र सरकारी , निजी वा गैरसरकारी क्षेत्रमा कम्तीमा १ बर्ष सेवा नगरेको कुनै पनि नेपाली नागरिकलाई आवश्यक ताको पत्र (Statement of Needs) दिन स्वास्थ्य तथा जन सङ्ख्या मन्त्रालय बाध्य हुने छैन , यसरी कार्य गरेको व्यहोरा उक्त व्यक्तिले सेवा गरेको स्थानको स्थानीय निकाय वा स्वास्थ्य कार्यालयले प्रमाणित गरेको हुनु पर्नेछ ।

२. छात्रवृत्तिमा अध्ययन गरेको व्यक्तिले छात्रवृत्ति सेवा करार पूरा गरेको व्यहोरा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागले प्रमाणित गरेको हुनुपर्नेछ ।

३. नेपाल भित्रै अध्ययन हुने वि षय/विधामा अध्यय न वा तालिमको लागि जाने व्यक्तिका लागि आवश्यकताको पत्र (Statement of Needs) स्वास्थ्य तथा जनसं ख्या मन्त्रालयले जारी गर्ने छैन , नेपालभित्र अध्ययन नहुने वि षयको सूची चिकित्सा शिक्षा आयोग , सम्बन्धित पेसागत काउन्सिल र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रतिनिधि सम्मिलित समितिले प्रत्येक वर्ष निर्णय गरी सार्वजनिक गर्नेछ।यसरी नेपालमा अध्य यन नहुने विषय को सूची तयार नभए सम्म आवश्यकताको पत्र (Statement of Needs) जारी गर्न बाधा पर्ने छैन ।

४. आवश्यकताको पत्र (Statement of Needs) को लागि निवेदन पेस गर्ने निवेदकले अनुसूची १ मा तोकिएको ढाँचामा र अनुसूची २ बमोजिमका कागजातहरु संलग्न गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा आबेदन दर्ता गर्नु पर्नेछ । आवश्यकताको पत्र (Statement of Needs) जारि गर्ने निवेदन पेस गर्दा निवेदक र नेपालमा स्थायी बसोबास गर्ने अभिभावक स्वयम उपस्थित हुनुपर्नेछ ।

५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अनुसूची-४ मा उल्लि खित ढाँचाको आवश्यकताको पत्र (Statement of Needs) जारी गर्ने छ ।

६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको आवश्यकताको पत्र (Statement of Needs) लिई अध्ययन गर्न गएको व्यक्तिले अध्ययन सकिएको मितिले ३ महिनाभित्र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई आफू फर्किएको लिखित सूचना दिनु प र्नेछ र काठमाडौं उपत्यकाभित्र कम्तिमा २ बर्ष वा काठमाडौं उपत्यका बाहिरको क्षेत्रमा कम्तिमा १ बर्ष सरकारी, निजि वा गैर सरकारी क्षेत्रमा स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।आवश्यकताको पत्र (Statement of Needs) को लागि निवेदन पेस गर्दा अनुसूची-५ मा उल्लेखित ढाचामा "अध्ययन समाप्त भएको मितिले ३ महिना भित्र नेपाल फर्किएर तोकिए बमोजिमको सेवा गर्ने छु" भन्ने व्यहोरा खुलेको प्रतिबद्धता पत्र पेस गर्नु पर्नेछ ।

७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको आवश्यकताको पत्र (Statement of Needs) लिई अध्ययन गर्न गएको व्यक्तिको नाम, थर, नेपालको ठेगाना, राहादानी नम्बर, अविभावकको नाम थर र ठेगाना, अध्ययन गर्ने शिक्षण संस्थाको विवरण, अध्ययन गर्ने विषय र अध्ययन समाप्त हुने मिति समेत खुलेको विवरण website मार्फत सार्वजनिक गर्नेछ ।

८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग नेपाल फर्किने कबुलियत गरेको व्यक्ति तोकिएको अवधि भित्र नेपाल नफर्किएमा परराष्ट्र मन्त्रालयमार्फत सम्बन्धित देशको दू तावासमा पत्राचार गरी नेपाल फर्काउनको लागि कानुनी प्रक्रिया थालनी गरिनेछ ।

**अनुसूचीहरुः**

अनुसूची १ः निवेदनको ढाचा

अनुसूची २ः पेस गर्नुपर्ने कागजातहरूको सुची

अनुसूची ३ः अभिभावकको सनाखत पत्रको ढाँचा

अनुसूची ४ः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गर्ने (Statement of Needs) को नमुना

अनुसूची ५ः निवेदन साथ पेस गर्नुपर्ने कबुलियतनामाको नमुना

<u>अनुसूची १ः निवेदनको ढाचा</u>

श्रीमान् सचिवज्यू
स्वस्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

बिषयः आवश्यकताको पत्र (Statement of Need) जारी गरिदिने बारे ।

श्री.......................................................को नाती/नातिनी, श्री.................................................को छो रा/ छोरी, नेपाली नागरिकता नम्बर........................(जारी भएको जिल्ला र मिति............................) भएको नेपाली नागरिक म (नाम थर) ............................................. ..............................संयुक्त राज्य अमेरिका स्थित...........................राज्यको.........................................विश्वविद्यालय/मेडिकल कलेज/अस्पतालमा मिति.........................देखि.............................सम्म .........................विषयको ............ तहको...................अध्ययन/ फेलोसिप गर्ने प्र योजनको लागि स्वस्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट आवश्यकता को पत्र (Statement of Need) जारी गरिदिनुहुन अनुरोध गर्दछु । आवश्यक कागजातहरू यसै साथ पेस गरेको छु ।

निवेदकको नामः.............................................
स्थायी ठेगानाः.............................................
नागरिकता नंः.............................................
राहदानी नं.................................................
NMC दर्ता नंः.............................................
हस्ताक्षरः....................................................

| दुवै औलाको रेखाङ्कन | |
|---|---|
| दायाँ | बायाँ |

## अनुसूची २: पेस गर्नुपर्ने कागजातहरूको सुची

१. निवेदक स्वयमले लेखेको सक्कलै निवेदन (आफै उपस्थित हुनुपर्ने )

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

३. नेपाली राहादानीको पहिलो पृष्ठको प्रमाणित प्रतिलिपि

४. नेपालमा स्थायी बसोबास भएको अभिभावकको नागरिकताको प्रमाणित प्रतिलिपि

५. NMC दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

६. नेपाल मेडिकल काउन्सिलबाट जारी भएको Good Standing पत्रको प्रमाणित प्रतिलिपि

७. फेलोसिप प्रदान गर्ने संस्थाको Offer Letter

८. अध्ययन/फेलोसिप पुराभएको मितिले ३ महिना भित्र नेपाल फर्किएर स्वस्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सम्पर्कमा आउने र तोकिए बमोजिमको सेवा गर्ने प्रतिबद्धता पत्र

९. अभिभावक स्वयमले हस्ताक्षर गरेको जमानत पत्र (स्वयम उपस्थित हुनुपर्ने )

१०. सरकारी सेवामा कार्यरत चिकित्सक भए प्रशासन महाशाखाको पूर्व स्वीकृति पत्र/सहमति पत्र

११. छात्रवृत्तिमा अध्ययन गरेको चिकित्सक भएमा छात्रवृत्ति करार सेवा पूरा गरेको पत्र

१२. छात्रवृत्तिमा अध्ययन नगरेको चिकित्सकको हकमा

- शुल्क तिरेर अध्ययन गरेको व्यहोरा खुलाइ सम्बन्धित मेडिकल कलेजले लेखेको पत्र
- कम्तीमा १ वर्ष नेपालभित्र सेवा गरेको खुल्ने कागजात

## अनुसूची ३: अभिभावकको जमानत पत्रको नमुना

......................जिल्ला........................गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वार्ड न. ........स्थायी बसोबास भएको म श्री ................................................(नागरिकता न., जारी भएको जिल्ला र मिति .......................................) ले मेरो छोरा / छोरी लाई ..........................देशको ..................राज्य स्थित .....................................................अस्पताल/ शिक्षण संस्थामा ...........................विषयमा अध्ययन/फेलोसिपमा जाने प्रयोजनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी हुने आवश्यकताको पत्र (Statement of Need) जारी गर्दाको बखत म स्वयम् उपस्थित भई यो जमानत पत्रमा हस्तक्षर गरेको छु ।

मेरो छोरा /छोरिले अध्ययन /फेलोसिप समाप्त भए को मितिले ३ महिनाभित्र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा उपस्थित भई तोकिएको अवधिभर देशभित्र सरकारी/गैह्र सरकारी/निजी क्षेत्रमा आबद्ध भई सेवा गर्नका लागि उपस्थित गराउनेछु भनी म निजको अविभावकको हैसियतले प्रतिबद्धता गरेको छु।यसरी गरेको प्रतिबद्धता अनुरूप नेपाल फर्की सेवा गर्न नसकेमा नेपाल सरकारले प्रचलित कानुनबमोजिम गर्ने सजाय भोग्न मन्जुर छु ।

अभिभावकको नामः.............................................
स्थायी ठेगानाः..................................................
हालको ठेगानाः...............................................
नागरिकता नं...................................................
बिद्यार्थी सँगको नाताः.........................................
सम्पर्क नं.......................................................

| दुवै औलाको रेखाङ्कन | |
|---|---|
| दायाँ | बायाँ |

## अनुसूची ४: Statement of Need को नमुना

USMLE/ECFMG ID number……………………….

Name of Applicant…………………………

There currently exists in Nepal a need for qualified medical practitioners in the specialty of ………………………….. Mr./Ms……………………………………………………has filed a written assurance with the government of this country that he/she will return to this country upon completion of training in the United States and intends to enter the practice of medicine in the specialty for which training is being sought.

…………………………………

Signature,

Name and position of issuing officer

# अनुसूची ५: प्रतिबद्धता पत्रको नमुना

श्री.......................................को नाती /नातिनी, श्री.......................................को छोरा/छोरी, नेपाली नागरिकता नम्बर ........................(जारी भएको जि ल्ला र मिति...........................भएको नेपाली नागरिक म ( नाम थर ) ...........................................................................संयुक्त राज्य अमेरिका स्थित............................ राज्यको.................................... विश्वविद्यालय/ मेडिकल कलेज/अस्पतालमा मिति .................................. देखि .....................................सम्म .......................... बिषयको ............ तहको................... अध्ययन/ फेलोसिप गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएको Statement of Need लिई गएको छु ।

मैले Statement of Need लिई गएपश्चात पनि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी हुने छात्रवृति करार सम्बन्धी निर्देशिका/ स्तरीय कार्यसम्पादन कार्यविधिमा गरिने व्यवस्था अनुरुपको प्राबधान अनुसार अध्ययन समाप्त भए पश्चात यस मन्त्रालयमा उपस्थित भइ तोकेको अवधि सम्म सेवा गर्न मन्जुर छु ।

साथै, मैले यस मन्त्रालयमा कबुलियत गरेअनुसारको समयमा उपस्थित हुन नसकेमा वा तोकेको सेवा सर्त पुरा गर्न नसकेमा राज्यको प्रचलित नियम कानुन अनुसार सजाय भोग्न समेत मन्जुर छु भनी मे रो राजी खुशीले आफ्नै अभिभावक श्री ................................................ को रोहवरमा यो कबुलियतनामामा हस्ताक्षर गरेको छु ।

निवेदकको नामः.............................................
स्थायी ठेगानाः..................................................
नागरिकता नंः..................................................
राहदानी नं.......................................................
NMC दर्ता नंः.............................................
हस्ताक्षरः.......................................................

| दुवै औलाको रेखाङ्कन | |
|---|---|
| दायाँ | बायाँ |
| | |